# पुतलीबजार नगरपालिका स्याङ्जा

## पुतलीबजार प्रज्ञा प्रतिष्ठान ऐन २०८०

# स्थानीय राजपत्र

**भाग : १** **खण्ड : ७** **अङ्क : १**

**पारित मिति : २०८०/०३/०७**
**प्रकाशित मिति : २०८०/०३/१३**

## पुतलीबजार प्रज्ञा प्रतिष्ठान ऐन २०८०

निर्णय मिति २०८०/०३/७

प्रमाणीकरण मिति २०८०/०३/१३

**प्रस्तावना :**

पुतलीबजार नगरपालिकाको भाषा, साहित्य, संस्कृति,ललितकलाको संरक्षण, संवर्द्धन र विकासका गर्नुपर्ने कुरालाई हृदयङ्गम गर्दै भाषा, साहित्य, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाज उपयोगी कृतिहरु तयार गर्न गराउन र यस क्षेत्रका प्रतिभाहरुको सम्मान र कदर गर्ने संबन्धमा आवश्यक व्यवस्था गर्न पुतलीबजार प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले

नेपालको संबिधानको धारा २२१ (१) र (२) तथा अनूसूची ८ (२२) एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम पुतलीबजार नगरपालिकाको १३ औ नगरसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम 'पुतलीबजार प्रज्ञा प्रतिष्ठान ऐन २०८० रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भई प्रमाणीकरण भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

**क)** "पुतलीबजार प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको पुतलीबजार प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

**ख)** "प्रज्ञा प्रतिष्ठान" भन्नाले पुतलीबजार प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

**ग)** "ललितकला" भन्नाले चित्रकला मूर्तिंकला, हस्तकला, शिल्पकता र वास्तुकला सम्झनु पर्छ ।

**घ)** "नाट्यकला" भन्नाले नाटक अभिनय र रङ्गकर्म सम्झनुपर्छ ।

**ङ)** "संगीत" भन्नाले गायन संगीत, वादन र नृत्य सम्झनुपर्छ ।

**च)** "प्रज्ञा प्रतिष्ठान " भन्नाले दफा ५ बमोजिमको प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

**छ)** कुलपति" भन्नाले पुतलीबजार नगरपालिकाका प्रमुख सम्झनु पर्छ ।

**ज)** "उपकुलपति" भन्नाले दफा ६ बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानका उपकुलपति सम्झनु पर्छ ।

**झ)** "पदाधिकारी" भन्नाले कुलपति, उपकुलपति, प्रज्ञा सभाका सदस्य सचिव र प्रज्ञा प्रतिष्ठान सदस्य सम्झनुपर्छ ।

**ञ)** "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

### परिच्छेद २

### पुतलीबजार प्रज्ञा प्रतिष्ठानको स्थापना, गठन तथा काम, कर्तव्य र अधिकार

३. **पुतलीबजार प्रज्ञा प्रतिष्ठानको स्थापनाः** (१)पुतलीबजार नगरपालिका क्षेत्र भित्रका सबै भाषा, साहित्य, संस्कृति, ललितकलाको संरक्षण, संवर्द्धन र विकासका गर्ने काम समेतका लागि पुतलीबजार प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ ।

तुलसी राम ... नगर प्रमुख

(२) पुतलीबजार प्रज्ञा प्रतिष्ठानको कार्यालय पुतलीबजार नगरकार्यपालिकाको कार्यालय वा तोकिएको स्थानमा रहनेछ

**४. पुतलीबजार प्रज्ञा प्रतिष्ठानको गठनः** (१)पुतलीबजार प्रज्ञा प्रतिष्ठानको संगठन संरचना देहाय वमोजिम हुनेछ ।

क) कुलपति - नगर प्रमुख

ख) उपकूलपति – तोकिए बमोजिमको व्यक्ति

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) प्रमुखले तोकेको कार्यपालिका सदस्य २ जना - सदस्य

ङ) संबन्धित विधाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरू मध्येबाट दफा ५ (२) बमोजिम ५ जना महिला सहित प्रमुखले तोकेको १५ जना -सदस्य

च) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

२) उपदफा (१) को खण्ड (ख) (घ) र (ङ) वमोजिम मनोनित सदस्यहरुबाट प्रमुखले तोके वमोजिम हुनेछ ।

३) उपदफा (२) बमोजिम मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

४) कुनै कारणले पुतलीबजार प्रज्ञा प्रतिष्ठानका मनोनित सदस्यको पद रिक्त हुन गएमा बाकी अवधिका लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट सदस्यको मनोनयन गरिनेछ ।

५) उपदफा १ को खण्ड (घ) र(ङ ) बमोजिम मनोनित सदस्यहरूले पारिश्रमिक पाउने छैनन । निजहरूले पाउने बैठक भत्ता लगायतका अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**५. सिफारिस समितिः** (१) दफा ४ को उपदफा (२) बमोजिमका पुतलीबजार प्रज्ञा प्रतिष्ठानका पदाधिकारीको मनोनयन तथा नियुक्तिका लागि नगरप्रमुख समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) नगरप्रमुखले तोकेको विषय विज्ञबाट एकजना - सदस्य

ग) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले उपकुलपति तथा सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, ललितकला, नाट्यकला संगीत, संस्कृति सम्बन्धी विधामा सृजना, अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याति प्राप्त व्यक्तिहरू मध्येबाट सम्भव भएसम्म सबै जाति तथा भाषाभाषीलाई समेट्ने गरी र उक्त सबै विधाबाट प्रतिनिधित्व हुने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

**६. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः** प्रज्ञा प्रतिष्ठानको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला,सङ्गीतको संरक्षण संबर्द्धन र विकास गर्ने ।

ख) भाषा साहित्य संस्कृति ललितकला नाट्यकला सङ्गित सम्बन्धित सामाग्रीको सङ्कलन, अध्ययन अनुसन्धान गरी कृति प्रकाशन गर्न गराउने ।

तुलसी राम
नगर प्रमुख

ग) भाषा साहित्य संस्कृति ललितकला नाट्यकला, सङ्गीत सम्बन्धि विविध विषयमा प्रादेशिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी सम्मेलन साहित्य महोत्सव मञ्चन प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्ने, गराउने ।

(घ) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला सङ्गीत सम्वन्धी विषयमा प्रादेशिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संङ्घसंस्थासँग प्रचलित कानून बमोजिम सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदान प्रदान गर्ने ।

ङ) भाषा, साहित्य, संस्कृति ललितकला नाट्यकला संगीत सम्बन्धी विषयका प्रादेशिक राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठीमा भाग लिने ।

(च) महत्वपूर्ण कृतिको अनुवाद तथा प्रकाशन गर्ने गराउने ।

छ) विभिन्न जातिका मौलिक संस्कृति र पहिचानको जगेना गर्ने ।

ज) भाषा साहित्य संस्कृति, ललितकला, नाट्यकला सङ्गीतका ग्रन्थ र सामग्री संग्रह गर्ने ।

झ) लोक साहित्य, लोक संगीत, लोक नृत्य, जस्ता विधाका श्रव्यदृश्य सामग्रीको निर्माण, सङ्कलन अध्ययन अनुसन्धान गरी तिनको डिजिटल अभिलेख राख्ने ।

ञ) भाषा, साहित्य, संस्कृति, ललितकला नाट्यकला सङ्गीत सम्बन्धीत विषयमा प्रतिभाको विकास गर्ने वातावरण सृजना गर्ने ।

(ट) नगरपालिका क्षेत्रभित्र रहेका लोपोन्मुख भाषा, लिपि, साहित्य कला रसंस्कृतिको संरक्षण, सम्बर्ध्दन र विकास गर्ने ।

(ठ) भाषा, साहित्य, संस्कृति ललितकला नाट्यकला सङ्गीतका मौलिकतार विशिष्टतालाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्ने ।

(ड)नगरको स्थानीय पाट्यपुस्तक निर्धारण गर्न सुझाव दिने ।

**७. पुतलीबजार प्रज्ञा प्रतिष्ठानको बैठकः**(१)पुतलीबजार प्रज्ञा प्रतिष्ठानको बैठक सामान्यतया बर्षको ३ पटक बस्नेछ ।

२) प्रतिष्ठानको बैठक परिषदको अध्यक्षले तोकेको मिति, समय रस्थानमा बस्नेछ ।

३) प्रतिष्ठानको बैठक हुनभन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकमा छलफलहुने विषयको कार्यसूची सहितको सूचना सदस्य सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) प्रतिष्ठानमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दाबढी सदस्यहरू उपस्थित भएमा प्रतिष्ठानको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

५) पुतलीबजार प्रज्ञा प्रतिष्ठानको बैठकको अध्यक्षता प्रतिष्ठानको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन ।

६) पुतलीबजार प्रज्ञा प्रतिष्ठानको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७)पुतलीबजार प्रजा प्रतिष्ठानको बैठकका निर्णय प्रतिष्ठानको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

८) वैठक सम्बन्धी अन्य कार्यविधी प्रतिष्ठान आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

तुलसी राम ... नगर प्रमुख

**परिच्छेद-३**

## पदाधिकारी तथा कर्मचारी

८. **कुलपतिः**(१)पुतलीबजार नगरपालिकाका प्रमुख प्रज्ञा प्रतिष्ठानमा कुलपति रहनेछन ।

२) दफा ४ को उपदफा २ बमोजिमका सदस्यहरू मध्येबाट नगरपालिका प्रमुखले उप-कुलपतिको नियुक्ति गर्नेछ ।

(३) पुतलीबजार प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारीको काम उप-कुलपतिलेगर्नेछ ।

९. **उप-कुलपतिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा कुलपतिले गर्ने भनि तोकिए देखि वाहेक देहायका काम, कर्तव्य र अधिकार उप कुलपतिले गर्नु पर्नेछ ।

(क) पुतलीबजार प्रज्ञा प्रतिष्ठानले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ख) पुतलीबजार प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम बजेट प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने ।

ग) पुतलीबजार प्रज्ञा प्रतिष्ठानको काम कारवाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने ।

(घ) पुतलीबजार नगरपालिकाको स्वीकृति लिइ पुतलीबजार प्रज्ञा प्रतिष्ठानका तर्फबाट करार गर्ने ।

(ङ) स्वदेशी तथा विदेशी सङ्घ संस्था एवम् सङ्घ तथा अन्य प्रदेशका प्रज्ञा प्रतिष्ठानहरूसंग सम्बन्धित विषयमा प्रचलित कानून बमोजिम सम्बन्ध कायम गर्ने ।

(च)पुतलीबजार प्रज्ञा प्रतिष्ठानले समयसमयमा दिएका निर्देशन कार्यान्वयन गर्ने ।

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१०. **सदस्य सचिव** पुतलीबजार प्रज्ञा प्रतिष्ठानको सदस्य सचिव शिक्षा शाखा प्रमुख रहनेछन ।

११. **पदाधिकारी सम्बन्धी व्यवस्थाः** (१) पदाधिकारीको पारिश्रमिक, सेवाका शर्तर सुविधा तोकिएबमोजिम हुनेछ ।

१२. **पद रिक्त हुने अवस्थाः** देहायका अवस्थामा पदाधिकारी र प्रतिष्ठानका सदस्यको पद रिक्त भएको मानिनेछः

(क) पदावधि समाप्त भएमा,

(ख) राजीनामा दिएमा,

ग) मानसिक सन्तुलन ठीक नभएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) दफा १८ बमोजिम पदबाट हटेमा वा

(च) मृत्यु भएमा ।

१३. **पदबाट हटाउन सक्नेः** (१) पदाधिकारी वा प्रतिष्ठानका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई प्रज्ञा प्रतिष्ठानमा तत्काल कायम रहेका एक चौथाई सदस्यले नगरपालिका समक्ष लिखित निवेदन दिएमा कार्यपालिका सदस्यहरूमध्येबाट एक छानविन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानविन समितिले सो सम्बन्धमा छानविन गरी आफ्नो प्रतिवेदन नगरपालिका प्रमुख समक्ष पेश गर्नेछ र नगरपालिका प्रमुखले त्यस्तो प्रतिवेदन छलफलका लागि नगरपालिका समक्ष राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा नगर कार्यपालिकामा छलफल हुँदा बहुमत सदस्यबाट पदाधिकारी वा प्रतिष्ठानका सदस्यले यस ऐनको उद्देश्य वमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण

नगरेको वा इमान्दारितापूर्वक काम नगरेको वा निजमा कार्यदक्षताको अभाव भएको भनी निर्णय गरेमा कुलपतिले त्यस्तो पदाधिकारी वा प्रतिष्ठानका सदस्यलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा प्रतिष्ठानका सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

**१४. कर्मचारीः** (१) पुतलीबजार प्रज्ञा प्रतिष्ठानमा तोकिएको संख्यामा कर्मचारी रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको व्यवस्था पुतलीबजार नगरापालिकाले गर्नेछ ।

## परिच्छेद-४

## विविध

**१५. सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेः** पुतलीबजार प्रज्ञा प्रतिष्ठानले भाषा, साहित्य, संस्कृति ललितकला, नाट्यकला वा सङ्गित सम्बन्धी विषयमा उल्लेखनीय योगदान पुयाउने व्यक्तिलाई सम्मान, कदर तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

**१६. प्रतिवेदन पेश गर्नु पर्नेः** पुतलीबजार प्रज्ञा प्रतिष्ठानले प्रत्येक वर्ष आफुले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन कुलपतिमार्फत नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**१७. शपथः** आफ्नो कार्यभार सम्हाल्नु अघि प्रज्ञा प्रतिष्ठानका उप-कुलपतिले कुलपति समक्ष सदस्यले उप-कुलपतिसमक्ष अनुसूची एक बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

**१८. अधिकार प्रत्यायोजनः**(१)पुतलीबजार प्रज्ञा प्रतिष्ठानले आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार पुतलीबजार प्रज्ञा प्रतिष्ठानलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) पुतलीबजार प्रज्ञा प्रतिष्ठानले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार उपकुलपति वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१९. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न पुतलीबजार नगरपालिकाले पुतलीबजार प्रज्ञा प्रतिष्ठानसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

तुलसी राम
नगर प्रमुख

## अनुसूची १

**(दफा १८ साग सम्बन्धित)**

**शपथ**

म.........................................................पुतलीबजार नगरपालिका र नगरवासी प्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वकप्रतिज्ञा गर्छु र ईश्वर, पुतलीबजार नगरपालिका र नगरवासीको नाममा शपथ लिन्छु कि सार्वभौमसत्तानगरवासी जनतामा निहित रहेको नेपालको संविधानप्रति पुर्ण वफादार रही पुतलीबजार प्रज्ञाप्रतिष्ठानको ...................................पदका कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डरनमानी पक्षपात नगरी कसैप्रति पुर्वाग्रह वा खराव भावना नलिई इमान्दारीसाथगर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफुलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालनागर्दाबाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

तुलसी राम
नगर प्रमुख

मिति :

नाम :

सही :

........................